मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

जग्गा बिक्रीमा
जनकपुरधाम, मुजेलिया स्थित भाटभटेनीको सामुन्ने जनकपुर-ढल्केवर सडक (६ लेन) बाटोको पूर्वपट्टी रहेको जम्मा १ कट्ठा आकर्षक जग्गा बिक्रीमा रहेको सहर्ष जानकारी गराइन्छ । ईच्छुक महानुभावले तलको नम्बरमा सम्पर्क गर्नुहोला ।
सम्पर्क नं.-9817880359

वर्ष २ | अंक १८७ | २०८१ साल जेठ १४ गते सोमबार | Monday 27, May 2024 | सूर्योदयः बिहान ५:१२ बजे | सूर्यास्तः साँझ ६:५३ बजे | पृष्ठ ४ | मूल्य रु. ५/-



*शिवमूर्तिः वीरगंज महानगरपालिका–१४, पिपरास्थित शिवको मूर्तिमा । तस्बिरः रासस*

## ‘सरकारसँगको सम्झौता कार्यान्वयन भएन’

**मधेशदृष्टि**
**सर्लाही ।**
लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका अध्यक्ष महन्थ ठाकुरले तत्कालीन मधेश आन्दोलनक्रममा सरकारसँग भएका विभिन्न सम्झौता पालना नभएको गुनासो गरेका छन् । उनले भने, ‘जनसंख्याका आधारमा प्रतिनिधित्व सुनिश्चितता गर्नुपर्छ ।’ लोसपा नेपाल जिल्ला कार्यसमिति सर्लाहीद्वारा सदरमुकाम मलङ्गवामा आयोजित सदस्यता वितरण तथा पार्टी प्रवेश कार्यक्रममा अध्यक्ष ठाकुरले संविधान र कानून पार्टीले परिपालना गरिराखेको बताए । ‘हामी चुनाव लड्छौँ, चुनाव लड्नु भनेको त युद्धसरह हो,’ उनले भने, ‘हामी शान्तिपूर्णरुपमा अहिंसात्मक आन्दोलन गरिरहेका छौँ ।’ उनको मधेश आन्दोलनक्रममा नेता कार्यकर्तामाथि लगाइएको झुठा मुद्दा फिर्ता गर्न र जेलमा रहेका तथा मुद्दा लगाइएपछि फरार रहेकामाथिको मुद्दा फिर्ता गर्न सरकारसँग माग गरे ।

जनहितका लागि जारी सन्देश
समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं ।

गर्मी मौसम सुरु भएसँगै आगलागीका घटना बढ्न सकछन् । हाम्रो आफ्नै लापरवाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन् । त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं ।

आगलागी रोकथामका उपाय
- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नोस् ।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि भान्सा छाडेर टाढा नजानुहोस् ।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस् ।
- सिलिण्डरको पाइप, सिलिण्डर समय-समयमा जाँच गर्नुहोस्, कुनै खराबी वा टुटफुट पाउनु भएमा, तुरन्त मर्मत गराउन लगाउनुहोस् ।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस् ।
- ग्याँस सिलिण्डर घर ल्याउनुअघि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस् ।
- घरमा भएका विद्युत उपकरण सही अवस्थामा छ/छैन नियमित जाँच गनुहोस्, नाङ्गो तार, टुटेफुटेका स्विच, एक्सटेन्सन कर्डलाई मर्मत् तथा परिवर्तन गर्नुहोस् ।
- एक्सटेन्सन कर्डमा धेरै विद्यु्त खपन गर्ने (आइरन, हिटर, फ्रिज, माइक्रोवेभ ओभन, मोटर) तथा अन्य धेरै उपकरण जोडेर एकैचोटी प्रयोग गर्नुहोस् ।
- २ पिन स्विचको बदलामा सिंधै नाङ्गो तार सकेटमा पसाएर विद्युतीय सामग्री प्रयोग कहिल्यै नगर्नुहोस् ।
- प्रयोग नभएको अवस्थामा विद्युतीय सामग्रीहरु सकेटबाट निकालेर अलग राख्नुहोस् ।
- राति सुत्ने बेलामा वा घर छाडेर बाहिर जानुपर्दा सम्पूर्ण विद्युतीय उपकरणहरु बन्द गरेरमात्र जानुहोस् । (यसले तपाईलाई आगलागीबाट सुरक्षामात्र होइन बिजुलीको खपतमा कमी ल्याउन पनि सहयोग पुऱ्याउँछ ।
- हावा चलेको अवस्थामा खुला स्थानमा आगो नबाल्नुहोस्, बारी, बाटोमा बालिएको आगो पूर्णरुपमा निभेको निक्यौंल गर्नुहोस् ।
- घरमा पेट्रोल, डिजेल, मट्टीतेलको भण्डारण नगर्नुहोस् । ( यस्ता सामग्रीमा केटाकेटीको पहुँच रोक्नुहोस् ।
- वन क्षेत्रमा डँढेलो लगाउने तथा चुरोट खाएर जथाभावी नफ्याक्नुहोस् ।




आगलागी भइहालेमा के गर्ने ?
- कुनै आगलागीको घटना भएमा, तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रण सहयोगका लागि आग्रह गर्नुहोस् ।
- आगोको आकारमा विचार पुऱ्याउनुहोस्, आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुण यन्त्रलाई खबर गर्नुहोस् ।
- विद्युतबाट आगो लागेको शङ्का लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस् ।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहयाताले निभाउन प्रयास गर्नुहोस ।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरिदिनुहोस् । (यसले आगोलाई सहजरुपमा फैलन दिँदैन ।
- आगलागी भएको स्थानमा अग्नि नियन्त्रक बाहेक अरुलाई प्रवेश गर्ने दिनुहोस् ।
- आफ्नो ज्यान जोखिममा राखेर आगलागी भएको स्थानबाट सामान निकाल्ने प्रयास नगर्नुहोस् ।
- आगलागीबाट केही सामग्री जोगाउन सकिन्छ भने त्यसलाई निकालेर सुरक्षित स्थानमा राख्नुहोस् ।

व्यक्तिगत घर तथा कार्यालयहरुमा पनि सुरक्षाको लागि बजारमा सहज र सुपथ मूल्यमा उपलब्ध हुने फायर एक्स्टिनगुसर, फायर ब्ल्याङ्केट राख्न सकिन्छ जसले आगलागीको शुरुवाती समयमा नै आगलागीलाई नियन्त्रण गरी जन-धनको थप क्षति हुनबाट रोक्न सकिन्छ ।

सम्सी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

# मधेशमा १ अर्ब ८५ करोड बेरुजु

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा सबैभन्दा बढी बेरुजु देखिएको छ । महालेखा परीक्षकको कार्यालयले आइतबार राष्ट्रपति रामचन्द्र पौडेललाई बुझाएको ६१ औँ वार्षिक प्रतिवेदनअनुसार मधेश प्रदेशमा १ अर्ब ८५ करोड ४२ लाख ४२ हजार रुपैयाँ बेरुजु देखिएको छ ।
महालेखा परीक्षकको प्रतिवेदनअनुसार सात प्रदेशमध्ये सबैभन्दा बढी मधेशमा ३.८७ प्रतिशत बेरुजु देखिएको छ । यस्तै, पेश्कीबाहेक बेरुजु प्रतिशत २.९३ रहेको प्रतिवेदनमा उल्लेख छ । मधेश प्रदेशका १ सय ४९ कार्यालयको ४७ अर्ब ९५ करोड २१ लख ३२ हजार रुपैयाँ बराबरको लेखा परीक्षण गरिएको थियो । यस्तै, पेश्कीबाहेक मधेशमा कुल १ अर्ब ४० करोड ५६ लाख ७४ हजार रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ ।
यस्तै, महालेखा परीक्षकको प्रतिवेदनअनुसार कोशी प्रदेशमा २.५० प्रतिशत, बागमतीमा १.१५ प्रतिशत, गण्डकीमा १.९५, लुम्बिनीमा १.९५, कर्णालीमा २.५९ प्रतिशत र सुदूरपश्चिममा सबैभन्दा कम शून्य दशमलव ९५ प्रतिशत बेरुजु छ । महालेखा परीक्षकको कार्यालयले ७ वटा प्रदेशको १ हजार ३ सय ८७ वटा कार्यालयको ३ खर्ब ६० अर्ब ८३ करोड ५६ लाख ८९ हजार रुपैयाँको लेखा परीक्षण गर्दा ७ अर्ब ४० करोड ८९ लाख ३६ हजार अर्थात २.०५ प्रतिशत बेरुजु देखिएको हो ।

## मधेशको खर्च ५७ प्रतिशत मात्रै

मधेश प्रदेश सरकारका हरेक मन्त्री संघीयताको जननी मधेश प्रदेश रहेको भाषणमा भनिरहन्छन् । तर कार्यशैलीमा सुधार नआउँदा जनताले विकासको अनुभूति गर्नसकेका छैनन् भने मधेश प्रदेश सरकारको अकर्मण्यताका कारण बजेट खर्चको अवस्थामा पनि सुधार आउनसकेको छैन । बजेट निर्माणका समयमा अत्यधिक टुक्रे योजनालाई प्राथमिकता दिने र जनमुखी योजना कमै पर्ने गरेकाले बजेट खर्चमा समेत सुधार आउनसकेको छैन । अन्य प्रदेशको भन्दा मधेश प्रदेशको बजेट खर्चको अवस्था निकै चिन्ताजनक देखिएको छ ।
महालेखा परीक्षकको ६१औँ प्रतिवेदनमा अन्य प्रदेशको तुलनामा मधेश प्रदेशको बजेट खर्च निकै कमजोर देखिएको छ । प्रदेशगत आर्थिक कार्यविधि ऐनमा प्रदेश अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षको लागि प्रदेश सभासमक्ष राजश्व र व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्थाबमोजिम प्रदेश सभाबाट स्वीकृत भएको २०७९–८० को बजेट र खर्चको स्थिति हेर्दा सबैभन्दा कम बजेट खर्च गर्नेमा मधेश प्रदेश रहेको छ ।
प्रदेशको औसत ६६.८८ प्रतिशत रहेकामा बजेटको तुलनामा सबैभन्दा बढी खर्च कोशी प्रदेशको ७७.०३ र सबैभन्दा कम मधेश प्रदेशको ५७.१४ प्रतिशत छ । महालेखाले कार्यान्वयनयोग्य कार्यक्रम र खर्च सिर्जना गर्ने आधार प्रष्ट नहुँदा खर्च न्यून देखिएकाले विनियोजन दक्षतामा सुधार आवश्यक रहेको महालेखाले औँल्याएको छ । प्रदेश सरकारले बजेट खर्च गर्न आफ्नो शैलीमा सुधार नल्याएका कारण नै यस्ता समस्या आउने गरेको छ । खास गरी आर्थिक मसान्तको अन्तिममा आएर बजेट खर्च गर्ने परिपाटीका कारण बजेट खर्चमा सुधार आउन सकेको छैन ।

## बढेन मधेश प्रदेशको आर्थिक वृद्धिदर

यस वर्ष पनि मधेश प्रदेशको आर्थिक वृद्धिदर वृद्धि नहुने भएको छ । चालु आर्थिक वर्षमा सबै प्रदेशको आर्थिक वृद्धिदर तुलनात्मक रूपमा बढ्ने देखिए पनि कोशी, मधेश, कर्णाली र सुदूरपश्चिम प्रदेशको आर्थिक वृद्धिदर वृद्धि नहुने देखिएको छ । यी चार प्रदेशबाहेक अन्य प्रदेशको आर्थिक वृद्धिदर राष्ट्रिय औसतमा तीन दशमलव ८७ प्रतिशतभन्दा माथि रहने अनुमान हुँदा मधेशसहित चार प्रदेशको आर्थिक वृद्धिदर यथास्थितिमा रहने देखिएको हो ।
आइतबार अर्थमन्त्री वर्षमान पुनले सङ्घीय संसदको दुवै सदनमा पेश गरेको आर्थिक सर्वेक्षणमा आर्थिक वृद्धिदर वृद्धिमा हिउँदे र नगदे बाली तथा पशुपन्छीजन्य उत्पादनमा वृद्धि देखिएको छ । उत्पादनमूलक उद्योग र निर्माणबाहेक अन्य क्षेत्रको उत्पादन बढ्ने प्रक्षेपण छ । कृषि र गैरकृषि क्षेत्रको उत्पादन क्रमशः दुई दशमलव ७६ प्रतिशत र दुई दशमलव १३ प्रतिशतले बढेको छ । चालु आर्थिक वर्षमा धान उत्पादन चार दशमलव ३३ प्रतिशतले वृद्धि भएको छ ।
चालु आर्थिक वर्षमा कुल लगानी दुई दशमलव आठ प्रतिशतले बढेर १७ खर्ब ४१ अर्ब ४८ करोड रुपैयाँ पुग्ने अनुमान छ ।

## न्यायाधीश गिरी बलात्कारी ठहर

**मधेशदृष्टि**
**काठमाडौँ ।**
न्यायाधीश भुवन गिरी बलात्कार मुद्दामा दोषी ठहर भएका छन् । सम्बन्ध विच्छेद भइसकेपछि पनि उनले पूर्वश्रीमतीकहाँ गई जबर्जस्ती शारीरिक सम्बन्ध राखेको अभियोगमा न्यायाधीश गिरी दोषी ठहर भएका हुन् ।
काठमाडौँ जिल्ला अदालतका न्यायाधीश दुर्गाप्रसाद भुसालको इजलासले यस्तो फैसला गरेको हो । सजाय निर्धारणका लागि भने अर्को सुनुवाइ हुनेछ । यसका लागि जेठ २८ गते पेसी तोकिएको अदालतका स्रेस्तेदार रामु शर्माले बताए । न्यायाधीश गिरी सर्वोच्च अदालतको आदेशले थुनामै छन् । जिल्ला अदालत कपिलवस्तुमा न्यायाधीश छँदा गिरीमाथि अभियोग लागेको थियो । त्यही अभियोगका कारण उनी न्यायाधीश पदबाट निलम्बित भएका थिए । उनका विरूद्ध वैवाहिक बलात्कारको अभियोगमा मुद्दा चलेको थियो । तर उनी सम्बन्ध विच्छेदपछिको बलात्कारमा मात्र दोषी ठहर भएको अदालतले जनाएको छ ।

## असमानता र विभेद रहन्जेल आयोग जरुरी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले मुलुकमा असमानता तथा विभेद रहेसम्म मानवअधिकार आयोगजस्ता संस्थाको आवश्यकता रहिरहने बताएका छन् । राष्ट्रिय मानव अधिकार आयोगको २४ औँ स्थापना दिवसमा मधेश प्रदेश कार्यालयले आइतबार जनकपुरधाममा भएको कार्यक्रममा उनले यस्तो बताएका हुन् ।
उनले मुलुकको संविधानमा मानव अधिकारलाई दृष्टिकोणले निकै राम्रो भएको बताउँदै समानता तथा मौलिक हकका कुरा कार्यान्वयनमा जोड दिएपछि मुलुकमा मानव अधिकारको अवस्था उच्चतम विन्दुमा पुग्ने बताए ।
सभामुख मण्डलले मुलुक समृद्धितर्फ गएपछि मानव अधिकारको उच्चतम अभ्यासको शुरुवात हुने भएकाले मुलुकलाई समृद्धिको बाटोमा लैजान अधिकतम प्रयास आवश्यक भएको बताए ।
जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डलले मानव अधिकारका लागि राज्यले धेरै व्यवस्था गरे पनि पालिकामा प्रमुख तथा उपप्रमुखबीच भएको टकरावका कारण न्यायिक समितिले प्रभावकारी किसिमले काम गर्न नसकेको बताए । जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख किशोरी साहले सरकारी कार्यालयले प्रभावकारी किसिमले सेवा प्रवाह गरेको खण्डमा मानव अधिकारका धेरै विषयको आफैँ सम्बोधन हुने दाबी गरे । धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी पुष्पराज पौडेलले मानव अधिकारको विषय क्रस कटिङ्गसँग जोडिएका हुनाले मानव अधिकारको विषय हरेक विषयसँग जोडिएर आउने गरेको बताए ।
महिला मानव अधिकार रक्षक सञ्जालका मधेश प्रदेशका अध्यक्ष अधिवक्ता रेखा झाले सरकारी कार्यालयमा नागरिकको सेवामा हुने गरेका ढिलाइका कारण मानव अधिकार उल्लङ्घन हुने गरेको बताउँदै त्यसमा पनि पुरुष भन्दा महिला सेवाग्राही बढी मारमा पर्ने गरेको बताए । राष्ट्रिय मानव अधिकार आयोगका मधेश प्रदेशका निमित्त कार्यालय प्रमुख रेखा दत्तको अध्यक्षतामा भएको कार्यक्रममा गृह, सञ्चार तथा कानून मन्त्रालयका उपसचिव उत्तम खरेल, मधेश प्रदेशका प्रहरी उपरीक्षक सुभाषचन्द्र बोहोरा, प्रादेशिक अस्पताल जनकपुरधामका उपनिर्देशक कृष्णदेव दास र जिल्ला प्रहरी कार्यालय धनुषाका महिला तथा बालबालिका शाखाका प्रमुख प्रहरी निरीक्षक चन्द्रकला भट्टराईले मानव अधिकारको रक्षाका लागि आयोगले खेलेको भूमिकाको प्रशंसा गरेका थिए ।

*राम्रो कुरा केवल ज्ञान हो भने खराब अज्ञानता हो ।*

*– शुकरात*

## सम्पादकीय

# बेरुजुका चाङ

*महालेखा परीक्षकको प्रतिवेदनले सरकारी बेरुजु ११ खर्ब ८३ अर्ब रुपैयाँ देखाएको मात्र छैन, बितेको एक वर्षमै दुई खर्ब ३६ अर्ब रुपैयाँ बेरुजु थपिएको देखाएको छ । यो डरलाग्दो तथ्यांकले हाम्रो सुशासन लगातार ओरालो लागिरहेको छ । वित्तीय र आर्थिक सुशासनमा हामी अरु डरलाग्दो ढंगले ओरालो यात्रामा छौँ । हाम्रो वित्तीय सूचक खराब मात्र होइन, अत्यन्त खराब छ । यो खराब सूचकले निरन्तरता पाइरहेको छ । यो रोक्न सकेनौँ भने अरु दुःm पाउनेवाला छौँ । सरकारी कार्यालय, सङ्गठित संस्था तथा अन्य संस्था, समिति प्रदेश निकाय र स्थानीय तहमा समेत बेरुजुको चाङ बढेको छ । ११ खर्ब ८३ अर्ब रुपैयाँ भन्दा बढी बेरुजुको भार बोकेर सुशासनको नारा मा घोकिरहेका छौँ, घोकाइरहेका छौँ । महालेखा परीक्षकको ६१औँ वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७९–८० मा मात्रै दुई खर्ब ३६ अर्ब ५५ करोड ५१ लाख रुपैयाँ बेरुजु थपिएपछि भन्नै पर्छ, 'कोही पनि सुशासनका पक्षमा छैनन्, वित्तीय बदमासी संरक्षित भइरहेको छ ।'*

*सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह र संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको अद्यावधिक बेरुजु मात्रै ६ खर्ब ६९ अर्ब ८६ करोड रुपैयाँ देखिएको छ । अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना, वैदेशिक अनुदान तथा ऋण कारबाहीसहित टुङ्गो लगाउनुपर्ने रकम पाँच खर्ब १३ अर्ब ४० करोड ४३ लाख रुपैयाँ नाघेको छ । अद्यावधिक बेरुजु र कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम ११ खर्ब ८३ अर्ब २६ करोड ८३ लाख रुपैयाँ पुगेको हो । अद्यावधिक बेरुजुतर्फ सङ्घीय सरकारी कार्यालयको तीन खर्ब ४२ अर्ब ६६ करोड ९१ लाख रुपैयाँ, प्रदेश सरकारी कार्यालयको २८ अर्ब ४६ करोड ८४ लाख रुपैयाँ र स्थानीय तहको बेरुजु एक खर्ब ९३ अर्ब ४५ करोड ८३ लाख रुपैयाँ पुगेको छ । अन्य संस्था तथा समितिको अद्यावधिक बेरुजु एक खर्ब पाँच अर्ब २६ करोड ८१ लाख रुपैयाँ छ । यसले भन्छ कि, सबै तह, निकायमा बेरुजु बढाउने जोडतोडले प्रयास भइरहेको छ । कोही पनि कतै पनि बेरुजु रोक्नका लागि प्रयास गरिरहेका छैनन् ।*

*कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम लेखापरीक्षण बक्यौता मात्रै नौ अर्ब ८७ करोड ५५ लाख रुपैयाँ, राजस्व बक्यौता चार खर्ब ३५ अर्ब ४२ करोड ८२ लाख रुपैयाँ, शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान १६ अर्ब नौ करोड ४५ लाख रुपैयाँ, शोधभर्ना लिन बाँकी वैदेशिक ऋण पाँच अर्ब ५९ करोड ३४ लाख रुपैयाँ र जमानत बसी दिएको ऋणको भाखा नाँघेको साँवा ब्याज ४६ अर्ब ४१ करोड २७ लाख रुपैयाँ बराबर छ । सङ्घीय मन्त्रालय तथा निकाय मातहतका तीन हजार दुई सय ७७ कार्यालयको २४ खर्ब ६१ अर्ब ११ करोड रुपैयाँ, प्रदेश मन्त्रालय तथा निकाय मातहतका एक हजार दुई सय ७० कार्यालयको ३ खर्ब २३ अर्ब ३४ करोड रुपैयाँ र सात सय ४६ वटा तहको ११ खर्ब ३९ अर्ब १९ करोड रुपैयाँ बराबरको लेखा परीक्षण गरिएको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख छ । त्यस्तै, दुई सय १७ वटा समिति र अन्य संस्थाको दुई खर्ब ९६ अर्ब ८५ करोड रुपैयाँ तथा ९३ वटा सङ्गठित संस्थाको ३६ खर्ब ६१ अर्ब ११ करोड रुपैयाँ बराबरको लेखापरीक्षण भएको छ । तथ्यांक डरालाग्दोसँग आएको छ । यो तथ्यलाई समयमा नकेलाउने र चासो नलिने हो भने आर्थिक सुशासनमा नेपाल सबैभन्दा खराब हुनेमा शंका छैन ।*

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# सहकारी संकट र राजनीति



*"सहकारीमा जम्मा गरेको बचत रकम फिर्ता पाइन्छ भन्ने भरोसा बचतकर्तामा जोगाउन जरुरी छ । सहकारी क्षेत्रप्रतिको जनविश्वास जोगाइ राख्नका लागि पनि डुबेको बचत फिर्ता गराउन राज्यका संयन्त्रहरुले ठोस पहलकदमी लिन अब ढिलाइ गर्नुहुन्न ।"*

**महेश कठायत**
maheshkathayat07@gmail.com

नेपालमा करिब ६ दशक लामो इतिहास बोकेको सहकारी क्षेत्रका बारेमा पछिल्लो समय चर्चा चलेको छ। वि.स. २०१० सालमा सहकारी विभागको स्थापना भएपछि नेपालमा सहकारीको अवधारणाले प्रवेश पाएको मानिन्छ। वि.स. २०१३ सालमा पहिलो पटक चितवनमा बखान सहकारीको स्थापना भएको पाइन्छ।

सहकारी क्षेत्रको विकास, विस्तार र प्रभावकारिता भने २०४६ सालपछि बढेको देखिन्छ । हाल देशभर ३१ हजारभन्दा बढी सहकारी संस्थाहरु दर्ता भएका छन् । जसमा करिब ८० लाख बचतकर्ता रहेका छन्। सहकारी क्षेत्रले करिब चार खर्बभन्दा बढी पूँजी परिचालन गरेको छ । मुलुकको अर्थतन्त्रको ठूलो हिस्सा ओगटेको सहकारीले वित्तीय पहुँच, वित्तिय साक्षरता र सामाजिक पूँजी निर्माणमा महत्वपूर्ण भूमिका खेलेको छ। तर, यही सहकारी क्षेत्रमा विगत केही वर्षदेखि संकटको बादल मडारिएको छ। सहकारीप्रतिको जनविश्वासमा कमि आएको छ। यसो हुनुका पछाडि सरकारी नीतिदेखि अनुगमन गर्नुपर्ने संयन्त्रको कमजोरीलगायत थुप्रै विषयहरु छन्।

सरकारी पक्षको भनाइलाई आधार मान्ने हो भने, देशभरका करिब ३१ हजार सहकारीमध्ये पाँच सय सहकारीमा समस्या छन् । २० वटा सहकारीलाई समस्याग्रस्त घोषणा गरिएको छ । सहकारीबाट झण्डै ७५ हजारभन्दा बढी बचतकर्ताको अर्बौं रकम हिनामिना भएको छ । कतिपय सहकारीका सञ्चालकहरु बचत रकम हिनामिना गरी फरार भएका छन् भने केही प्रहरीको हिरासतसम्म पुगेका छन्। सहकारी पीडित आफ्नो बचत रकम फिर्ताको माग गर्दै सडक संघर्षरत छन् । सहकारीको विषय अहिले सडकदेखि सदनसम्म पुगेको छ । केही राजनीतिक दलहरुले संसदमा सहकारीको विषय उठाइरहँदा सहकारी पीडित पनि न्यायको पर्खाइमा छन्। संघीय राजधानी काठमाडौँसहित पोखरा, बुटवल, चितवन, धरानलगायत विभिन्न ठाउँमा सहकारी पीडितहरु आन्दोलित बनेका छन्।

सहकारीको विषयलाई लिएर संसदमा प्रमुख प्रतिपक्षी नेपाली कांग्रेससहितका दलहरुले अवरोध जारी राखेका छन् । विगत दुई महिनादेखि कांग्रेसले सहकारीकै विषयलाई लिएर संसदमा विरोध जनाउँदै आइरहेको छ। तर, बचत रकम हिनामिना गर्ने सबै सहकारीमाथि छानबिनको माग गर्नुपर्नेमा कांग्रेस सीमित सहकारीसँग जोडिएका व्यक्तिमाथि केन्द्रीत छ । सार्वजनिक जानकारीमा भएकै विषय हो, सूर्यदर्शन सहकारी, हाम्रो नयाँ कृषि सहकारी, सुप्रिम सहकारी, सानो पाइला सहकारी, सहारासहितका सहकारीको रकम ठगीमा मुछिएका छन् गोरखा मिडिया नेटवर्कका सञ्चालक एवं व्यवसायी जीबी राई। उनै जीबी राईका व्यवसायिक साझेदार हुन् रवि लामिछाने। जीबी राई अहिले फरार छन् भने रवि लामिछाने मुलुकको उपप्रधान एवं गृहमन्त्री बनेका छन् । लामिछानेमाथि सहकारीको बचत अपचलन गरेको आरोप छ । सोही विषयलाई लिएर कांग्रेसले लामिछानेमाथि छानबिन हुनुपर्ने माग गरेको छ । छानबिनका लागि संसदीय समिति बनाउनुपर्ने र गृहमन्त्री लामिछानेको नाम समेत उल्लेख गर्नुपर्ने कांग्रेसको अडान छ।

यता, कांग्रेसले उठाएको सहकारीको मुद्दालाई केवल राजनीतिक मुद्दाका रुपमा लिएको सरकारले अन्य संकटग्रस्त सहकारीका विषयमा पनि चासो देखाएको छैन। सहकारी मुद्दामा सत्तापक्ष र प्रतिपक्षीको आ–आफ्नै अडानमा दलीय स्वार्थ हाबी रहेको देखिन्छ । सहकारी पीडितलाई न्याय दिलाउने नाममा दलहरुले सार्वजनिक खपतका लागि राजीतिक मुद्दा बनाएका छन् । सहकारीका समग्र समस्या हल गर्न सत्तापक्ष र प्रतिपक्षी दुबै गम्भीर देखिदैनन्। यदि सहकारीको ठगी प्रकरणमा कांग्रेस बचतकर्तालाई साच्चिकै न्याय दिलाउन चाहन्छ भने रवि लामिछानेमाथि मात्रै किन केन्द्रीत हुनु पर्यो ? समग्र सहकारीको संकटको बारेमा छानविन गर्न कांग्रेसले चाहिरहेको छैन। अन्य सहकारीमा भएको गठीमा राज्यका सम्बन्धित निकायले छानविन गरी कारबाही गर्ने भन्दै लामिछाने जोडिएको घटनामा राज्यका संयन्त्रले छानविन गर्न नसक्ने कांग्रेसको तर्क सुनिन्छ।

अर्कोतर्फ सहकारीको रकम अपचलनको विषय छानबिन हुन नसक्नुका एउटा कारण राजनीतिक नेताहरुको संलग्नतालाई समेत हेरिएको छ। सहकारीको रकम हिनामिना प्रकरण सत्तारुढ दल नेकपा एमाले, माओवादी केन्द्र र रास्वपाका नेताहरु मात्र होइन कांग्रेसकै कतिपय नेताहरु जोडिएका छन्। समस्याग्रस्त घोषित भएका र बचत फिर्ता नदिएका सहकारीसँग कतिपय राजनीतिक नेताहरुको नाम जोडिनुले पनि त्यसलाई थप पुष्टी गरेको छ। दलहरुको व्यवहारले सहकारी समस्या साच्चिकै समाधान होला या यत्तिकै सामसुस होला थप अन्यौल छाएको छ।

उसो त सहकारीमा देखिएको समस्या समाधानका लागि विगतमा थुपै प्रयासहरु नभएका पनि होइन् । विगतमा पटक–पटक कहिले कार्यदल, समिति र कहिले आयोगसमेत बनेका छन्। तर उच्चस्तरीय जाँचबुझ आयोग तथा समितिहरु गठन भएका भए तापनि प्राप्त सुझावका आधारमा गर्नुपर्ने कामहरुमा सरकारी संयन्त्र चुकेको देखिन्छ । सहकारीलाई निगरानी तथा अनुगमन गर्नुपर्ने निकायको पनि बेवास्ता देखिन्छ। अर्कोतर्फ सहकारीसँग समन्वय गर्नुपर्ने सरकारी पक्षको कमजोर भूमिका रहेको पाइन्छ। सहकारीको दर्ता प्रक्रियादेखि सञ्चालनसम्मका गतिविधीमाथि सरकारी पक्षको हेलचेक्र्याइले गर्दा आजको परिस्थिती सिर्जना भएको दुई मत छैन।

सहकारी क्षेत्रको सुधारका लागि राज्य संयन्त्र गम्भीर बन्नुपर्छ। विगतमा भएका कमिकमजोरीलाई दोहोरिन नदिन पनि सरकारले ठोस कदम चाल्नुपर्छ । त्यकास लागि नीति, नियमदेखि अनुगमन तथा निगरानी गर्नुपर्ने निकायको भूमिकालाई थप प्रभावकारी बनाउनुपर्छ । सहकारीमा जम्मा गरेको बचत रकम फिर्ता पाइन्छ भन्ने भरोसा बचतकर्तामा जोगाउन जरुरी छ । सहकारी क्षेत्रप्रतिको जनविश्वास जोगाइ राख्नका लागि पनि डुबेको बचत फिर्ता गराउन राज्यका संयन्त्रहरुले ठोस पहलकदमी लिन अब ढिलाइ गर्नुहुन्न।

# गणतान्त्रिक संस्कार र आचरणको आवश्यकता



खिमलाल देवकोटा

नेपाल यतिबेला सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल भएको छ। विसं २०६५ जेठ १५ गते संविधानसभाको पहिलो बैठकले एक ऐतिहासिक प्रस्ताव पारित गरी राजतन्त्रको अन्त र गणतन्त्रको घोषणा गरिएको थियो । यसरी गणतन्त्र घोषणा गर्ने प्रस्ताव अन्तरिम संविधानबमोजिम संविधानसभामा पेस भएको थियो। कुल उपस्थित सदस्यमध्ये पक्षमा ५६० मत, विपक्षमा जम्मा चार मत र १२ अनुपस्थित भई भारी मतले पारित भएको गणतन्त्र आज १६ वर्षे बालिग भएको छ।

अढाइ सय वर्ष पुरानो परम्परागत राजतन्त्रको विधिवत् अन्त भएको यो दिन नेपालको इतिहासमा ऐतिहासिक दिनका रुपमा रहेको छ। चिरकालपर्यन्त यो दिन ऐतिहासिक नै रहनेछ। त्यसो त नेपाल आरम्भमा गणराज्यहरुको मुलुक भनेर चिनिन्थ्यो। आजको नेपालमा थुप्रै गणराज्यहरु सञ्चालित थिए भन्ने कुरा अध्येताहरुको अध्ययनले पुष्टि पनि गरेको छ। मूलतः सामन्ती उत्पादन सम्बन्धका कारणले नेपाली समाज गणराज्यहरुबाट राजाहरुको उदय हँुदै राजतन्त्रात्मक मुलुकमा परिणत हुनु र राजतन्त्र पनि निरङ्कुश राजतन्त्रमा परिणत भई शासनभार आफनो हातमा लिदै आफ्नै नेतृत्वमा सरकार गठन गर्ने सम्मको यात्रा अन्ततः एक प्रकारको राजतन्त्र अन्तको कारण बन्न पुग्यो।

नेपालमा राजतन्त्र र गणतन्त्रको लडाई औपचारिक राजनीतिको थालनीभन्दा अघिदेखि नै भएको हो । खासगरी २००७ सालमा राणा शासनका विरुद्ध हतियारवद्ध युद्धको थालनीबाटै राणा शासन अन्तको दिशा समातेकै थियो । विश्वव्यापी परिवर्तनको लहरले नेपाललाई छाड्ने कुरा भएन । खासगरी दक्षिण भारत ब्रिटिश शासनबाट मुक्त हुनु उत्तरी छिमेकी चीनमा माओत्सेतुङको नेतृत्वमा जनवादी क्रान्ति सम्पन्न भई जनवादी गणतन्त्र चीनको स्थापना हुनु नेपालमा गणतन्त्र स्थापनाको आधार थिए। तत्कालीन राजा त्रिभुवनको भारतीय दूतावासमा शरण अनि दिल्ली प्रस्थान भई दिल्ली सम्झौताका माध्यमबाट नेपालमा प्रजातन्त्रको बहाली भयो भनियो। राजा त्रिभुवनको नेपाल फिर्ता भई गरिएको सम्बोधनमा अबको नेपालको शासन प्रणाली जनताद्वारा चुनिएको वैधानिक सभाले निर्धारण गरेबमोजिम गणतन्त्रात्मक हुनेछ भन्नेबाटै आरम्भ भएको थियो।

राजाबाट घोषणा भएको गणतन्त्र र संविधानसभा दुबै तत्कालीन राजनैतिक नेतृत्वको अक्षमताका कारणले गुम्न पुग्यो। राजतन्त्र बलियो मात्रै हैन, पटकपटक 'कु' गर्ने अवस्थामा पुग्यो। संविधानसभा संसदको चुनावमा गएर टङ्गियो। संविधानसभा कि संसदको चुनाव भन्ने विवादमा अदालत तानियो। अदालतका माध्यमबाट संविधानसभाको चुनाव तुहाउने र संसदको चुनावमा थन्क्याउने काम हुन पुगेको थियो।

त्यही २००७ सालमा चुकेको गणतन्त्र र संविधानसभा २०६५ मा प्राप्त भएको हो। यति लामो यात्रा पार गर्न पर्दाका पीडा र चुनौती आफ्नै ठाउँमा छन्। अन्तमा जनयुद्धको बलमा नेपालमा गणतन्त्र र संविधानसभा सम्भव भएका हुन् भन्ने कुरामा विवाद गर्ने ठाउँ छैन। २००७ सालमा घोषणा गर्न चुकेको गणतन्त्र संवैधानिक राजतन्त्रमा बदलिएको थियो। त्यही संसदीय राजतन्त्र पनि २०१७ सालमा राजा महेन्द्रको फौजी काण्डले अन्त भयो। त्यसका विरुद्धको प्रतिवाद अपेक्षाकृत हुन सकेन। यस्तै अवसर २०२८ सालको झापा विद्रोहले पनि प्राप्त गरेको थियो। तर चर्को दमनका सामने केही हात लागेन। २०३६ सालको जनमत सङ्ग्रह अर्को अवसर थियो। गणतन्त्रका लागि प्रतिवद्ध कम्युनिष्टहरु वहिष्कारको पक्षमा र काँग्रेस राजासँग घाटी जोडिएको छ भन्ने अवस्थामा पटाक्षेप भए। २०४२ सालको सत्याग्रहले पनि आकार लिन सकेन। २०४६ सालको जनआन्दोलन फेरि पनि राजाँ ैगै सम्झौता गरेर टङगियो। गणतन्त्रको काफी सम्भावना यस पटिक पनि ट¥यो। अन्ततः जनयुद्धको थालनीले गणतन्त्रलाई सम्भव तुल्यायो।

जनयुद्ध शान्ति प्रक्रियामा परिणत भयो। आन्दोलन फेरि पनि गणतन्त्र घोषणा नगरी टङ्गियो। फेरि पनि गणतन्त्र घोषणाको अवसर गुम्ने हो कि भन्ने भयका बीचमा अन्तरिम संविधानको निर्माण भयो। यसले राजतन्त्रको अन्त र गणतन्त्रको घोषणाको मार्गचित्र तय गरिदियो। यसरी मात्रै गणतन्त्र घोषणा सम्भव भएको हो। बिर्सनै नहुने कुरा के छ भने अन्तरिम संविधानमा राजतन्त्रका बारेमा संविधानसभाको पहिलो बैठकले निर्धारण गर्नेछ भन्ने त लखियो तर संविधानसभाको निर्वाचन नै नगरिदिने हो भने राजतन्त्र बाँचिरहने भ्रमका कारण संविधानमा मिति तोकेर पनि चुनाव गरिएन। दुईपटक संविधान संशोधन गरेर चुनावको मिति सार्नुप¥यो। तेस्रो पटकको अवसरमा मात्रै संविधानसभाको चुनाव सम्पन्न भयो। संविधानसभाको चुनाव भएर पनि पहिलो बैठकले घोषणा गर्ने गणतन्त्रका लागि बैठक बस्न आवश्यक थियो। तर बैठक आह्वान नै भएन। पहिलो बैठक नबसी गणतन्त्र घोषणा संविधान वमोजिम सम्भव थिएन। बढो प्रसव पिडाका साथ अन्तरिम संविधान संशोधन गरेर सहमतीय मोडेल भत्काएर बहुमतीय मोडेलमा गएपछि मात्रै बैठक बोलाउने शर्तका कारण त्यसो गर्न बाध्य भयो। बहुमतीय मोडेलको अवलम्बनपछि पहिलो बैठक बोलाएर मात्रै त्यो पनि दिन भर रातभरको माथापच्चिसीपश्चात् उज्यालो हुने बेलामा मात्रै गणतन्त्र घोषणा गर्न सम्भव भएको हो।

यसरी आरम्भको गणराज्य २००७ देखि २०६५ सालसम्मका विभिन्न आरोह अवरोहका बीचबाट गुज्रदै गणतन्त्र नेपालमा परिणत भएको हो। यस प्रकृयामा आरम्भका कैयौं अवसरहरुमा राजनैतिक नेतृत्वले आँट गर्न नसक्दा राजासँग सम्झौता गर्न पुगेको र गणतन्त्र घोषणाको अवसर गुमाएको थियो। जनयुद्धको रापतापमा पैदा भएको नेतृत्वले सुझबुझ पु¥याएका कारण गणतन्त्र घोषणा भएको कुरा स्पष्ट छ।

यसरी प्राप्त गरेको गणतन्त्र आज सित्तैमा प्राप्त भएको जस्तो गरिदैछ। यो गणतन्त्रको आन्दोलनमा कुर्वानी गर्नेहरुप्रति लज्जाको विषय त हुँदै हो त्यसप्रतिको उचित प्रतिवादको अभाव अर्को आक्रोसको विषय बन्न पर्दछ। आजको दिनमा गणतन्त्र प्राप्तिको अभियानमा लामवद्ध भई शहादत प्राप्त गर्ने शहिदहरुको बलिदानलाई स्मरण गर्ने हो भने मात्रै पनि गणतन्त्रप्रतिका कटुआलोचनाका बाणीहरु स्वीकार्य हुनै सक्दैनन्।

गणतन्त्र केबल राजनैतिक उपलब्धि मात्रै हैन, जनताले रैतीबाट प्रजा र प्रजाबाट नागरिक र नागरिकबाट सार्वभौमसत्ता सम्पन्न नागरिक हुने अवसर पनि हो भन्ने कुरा बिर्सन हँुदैन। राजतन्त्रकालमा राजा र राजपरिवारलाई संविधान र कानुनभन्दा माथि राख्ने तैपनि प्रजातन्त्र दिवसमा नारा लगाउने कलाविहीन नाटक मञ्चन हुन्थे। त्यो दिनको अन्त गरिदिएको गणतन्त्रको घोषणाले मात्रै हो। त्यो आजकै दिनमा भएको हो। त्यसका लागि कैयन शहिद बेपत्ता घाइते र यातना पिडितहरुको योगदान छ भन्ने कुरा स्मरण गर्न जरुरी छ।

आजको दिनमा गणतन्त्रप्रतिको निष्ठा व्यक्त गर्ने कुराको त्यतिकै महत्व छ। यसका अलावा पनि गणतन्त्रको संरक्षण सम्बद्र्धन र विकास अर्को कार्यभार हो। त्यो कार्यभार पुरा गर्न गणतन्त्र विरुद्धका हर्कतहरुका प्रति सम्झौताहिन सङ्घर्ष र तिनका विरुद्धको प्रतिवाद आजको आवश्यकता हो। यसैगरी गणतान्त्रिक संस्कार र आचरण अर्को अपरिहार्य आवश्यकता हो। आज गणतन्त्रलाई बदनाम गर्न राजतन्त्रको बखान गर्नेहरुको कमि त छैन नै त्यसमा पनि गणतन्त्र प्राप्तिका लागि नेतृत्व गर्ने नेताहरुका प्रतिको आक्रमण पनि सैह्य छैन। यसका लागि गणतन्त्रको आन्दोलनमा समाहित हरेक नेतादेखि कार्यकर्तासम्मले गणतान्त्रिक आचरण व्यवहार र संस्कारको अवलम्बन पूर्व शर्त हुन्छ। तसर्थ, आजको दिनमा गणतन्त्रप्रतिको निष्ठाका लागि आचरण व्यवहार र संस्कारप्रति पुनःएकपटक प्रतिबद्धता व्यक्त गरौँ। एउटा राजा फालेर थुप्रै राजा बनाउने गणतन्त्रको धेय हैन भन्ने जनस्तरबाट उठेको आवाजलाई पनि आत्मसात् गरी राजावादी चित्कारहरुको प्रतिवाद गर्दै गणतान्त्रिक संस्कारको प्रवद्र्धन गरौँ। यही नै सच्चा गणतन्त्र दिवसको उत्सवको अर्थ हुनेछ। रासस

# वीरगंज नाका हुँदै २२ अर्ब बढीको खाद्यान्न भित्रियो

**मधेशदृष्टि**
**वीरगंज ।**
मुलुकको प्रमुख भन्सार नाका वीरगंजको आइसिपी भन्सार हुदै चालु आर्थिक वर्षको दश महिनामा २२ अर्ब ६० करोड १६ लाख ४२ हजार रुपैयाँ मूल्य बराबरको धान, चामल, मकैलगायतका खाद्यान्न भित्रिएको छ । वीरगंज भन्सार कार्यालयले उपलब्ध गराएको तथ्यांक अनुसार चालु आर्थिक वर्षको साउनदेखि वैशाख मसान्तसम्म ७ अर्ब ६४ करोड ४२ लाख ४७ हजार रुपैयाँ मूल्य बराबरको धान भित्रिएको छ ।
सो अवधिमा १ अर्ब ५५ करोड ३३ लाख ४ हजार रुपैयाँ मूल्य बराबरको चामल भित्रिएको छ । त्यसैगरी आइसिपी भन्सार नाकाबाट सो अवधिमा ७ अर्ब ६४ करोड ४२ लाख ४७ हजार रुपैयाँ मूल्य बराबरको मकै भित्रिएको वीरगंज भन्सार कार्यालयको तथ्यांकले देखाएको छ । यसैगरी वीरगंज नाकाबाट फापर, कोदोको पिठोलगायतका खाद्यान्न १ अर्ब ५५ करोड ३३ लाख ८४ हजार रुपैयाँ मूल्य बराबरको भित्रिएको छ । ४ अर्ब २० करोड ६३ लाख रुपैयाँ मूल्य बराबरको गँहु भित्रिएको छ ।
धान चामल, मकै र गहुँलगायतका खाद्य सामग्रीबाट वीरगंज भन्सारले १ अर्ब २७ करोड २५ लाख २४ हजार राजस्व असुली गरेको वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीले जानकारी दिए । गत वर्ष वीरगंज नाकाबाट सो अवधिमा १ अर्ब ४३ करोड ८० लाख ३२ हजार रुपैयाँ मूल्य बराबरको धान, चाम, मकै, फापर कोदो तथा गहुँलगायतका खाद्यान्न भित्रिएको र सो वापत १ अर्ब ७ करोड ३२ लाख ५१ हजार राजस्व असुली भएको भन्सार प्रशासक पन्थीले बताए ।

# पाठेघर झर्ने रोगको निःशुल्क शल्यक्रिया



**संजय तिवारी**
**कलैया ।**
ए प्लस हस्पिटल एण्ड ट्रमा सेन्टर, कलैयामा पाठेघर झर्ने रोगको निःशुल्क शल्यक्रिया (अपरेशन) शिविरको आइतवारदेखि शुरुवात भएको छ । कलैया उपमहानगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत नाथु साहले एक कार्यक्रमका बिच आइतबार उक्त सेवाको उद्धाटन गरेका हुन् । मधेश प्रदेश सरकारको स्वास्थ्य मन्त्रालय अन्तर्गत स्वास्थ्य निर्देशनालयको आयोजना तथा कलैया उपमहानगर पालिकाको सहयोगमा शिविरको शुरुवात भएको कलैया उपमहानगर पालिकाका स्वास्थ्य शाखा प्रमुख अजय जयसवालले बताए ।
शिविर अन्तर्गत ए प्लस हस्पिटलले सेवाग्राहीलाई निःशुल्क बेड, अपरेशन चार्ज, औषधीलगायत हरेक सुविधा उपलब्ध गराउने अस्पतालका प्रमुख डा. विकेश पाण्डेयले बताए । शल्यक्रिया गराएका सेवाग्राहीलाई अस्पतालबाट डिस्चार्ज भएपछी यातायात सुविधा वापत नगद एक हजार रुपैयाँ प्रदान गरिने समेत जनाइएको छ । शिविरमा स्त्री रोग बिशेषज्ञ डा. तेजप्रताप यादवले शल्यक्रिया गर्ने कार्यक्रमका फोकल पर्सन विनोद यादवले जानकारी दिए ।

# गणतन्त्र दिवसको अवसरमा सरसफाइ



**मधेशदृष्टि**
**वीरगंज ।**
गणतन्त्र दिवसको अवसरमा बृहत सरसफाई कार्यक्रम सम्पन्न भएको छ । १७औँ गणतन्त्र दिवसको अवसरमा आइतबार वीरगंजमा वृहत सरसफाइ कार्यक्रम सम्पन्न भएको हो । सो अवसरमा जिल्ला प्रहरी कार्यालय पर्सा र सशस्त्र प्रहरी बल, नेपाल नं १३ गण हेडक्वाटर पर्साको संयुक्त आयोजना तथा ग्रीन सिटी सामुदायिक प्रहरी सेवा केन्द्र आदर्शनगर पर्साको व्यवस्थापनमा सम्पन्न वृहत सरसफाइ कार्यक्रम अन्तरर्गत अलखिया मठमा सरसफाइ गरिएको थियो ।
ग्रीन सिटीका अध्यक्ष जय प्रकाश खेतानको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पर्साका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुषाल, सशस्त्र प्रहरी उपरिक्षक राधेश्याम धिमाल, पर्साका प्रहरी नायव उपरीक्षक केशर न्यौपाने, सशस्त्र प्रहरी नायव उपरीक्षक देवेन्द्र बहादुर सिंह, प्रहरी निरिक्षक ज्ञानेन्द्र बहादुर चन्द, ग्रिन सिटीका उपाध्यक्ष संजय शर्मा लगायत सुरक्षा निकाय तथा विभिन्न सामाजिक संघ संस्थाका पदाधिकारी, समाजसेवी, नागरिक समाजका अगुवा, संचारकर्मीहरुको सहभागिता रहेको थियो ।

# जुत्ता सिलाएर उद्यमी बनेकी निर्मला



**सर्लाही ।**
मधेशको बुहारीले घुम्टो ओढेर बस्नु सामान्य मानिन्छ । घुम्टोबाट निस्कन बुहारीले निकै सङ्घर्ष गर्नुपर्छ । यसरी घुम्टोबाट बाहिर निस्किएकी हरिवन निवासी एक बुहारी उद्यमीका रुपमा परिणत भएकी छन् । हरिवन नगरपालिका वडा नम्बर ४ गेल्हा निवासी ३२ वर्षीया निर्मलाकुमारी महतो मधेशकै एक उदाहरणीय महिला उद्यमी बनेकी हुन् । जुत्ता उद्योग सञ्चालन गरेकी उनी आफूलाई अब्बल व्यवसायीका रूपमा चिनाउने कोसिसमा छन् ।
मधेशमा जन्मिएकी उनका लागि एउटी बुहारी भएर जुत्ता सिलाउँछु, भन्नु पक्कै सजिलो थिएन । 'प्लस टु' सम्म अध्ययन गरेकी निर्मलाको माइतीघर घरदेखि केही मिनेटको दूरीमा छ । बुबा शिक्षक भएका कारण उनले पढ्ने अवसर पाइन् । त्यसपछि गाउँ नजिकैका मध्यमवर्गीय परिवारका उमेश महतोसँग सामाजिक परम्पराअनुसार विवाह भयो । विवाहपछि पढाइलाई निरन्तरता दिन पाइनन् । निर्मलाका ११ वर्षकी एक छोरी, नौ र छ वर्षका दुई छोरा छन् ।
'श्रीमान् खेतीपाती गर्नुहुन्थ्यो', उनले भनिन्, 'खेतीबाट नगद आम्दानी कम हुन्थ्यो । अन्नपात वर्षभरि खानुपर्यो । समाजमा चलेको चलनअनुसार व्यवहार धान्नै चुनौती भयो ।' अरुले बच्चा बोर्डिङ स्कुलमा पढाएको देखेर आफूलाई पनि रहर लागेर भर्ना गरेको उनको भनाइ छ । पछि 'बिल' आउन थालेपछि समस्या हुन थाल्यो । श्रीमान्सँग सधैँ पैसा हुँदैन थियो । त्यसपछि कसरी पैसा तिर्ने भन्ने चिन्ताले सताउन थाल्यो । धेरथोर पढेलेखेको भएकाले केही जागिर गरेर कमाई हुन्थ्यो कि भनेर पनि सोच्नुभयो तर त्यस्तो हुन सकेन । गाउँमा आफूले चिनेको सरले जुत्ता सिलाउने तालिम खुलेको जानकारी पाएपछि सिक्न गइन् ।
सुरुमा घरमा सम्झाउन निकै समस्या भयो । बुहारी त्यसमा पनि जुत्ता सिलाउन गई, भनेर सासूससुराले गाली गरे । तर पछि सम्झाइबुझाइ गरेपछि उनीहरूले कुरा बुझे । 'तीन महिना सीप सिकेर काम सुरु गरेको थिएँ । काम गरेको साहुले पसल बन्द गरेर हिँडे, त्यसपछि फेरि अलपत्र परियो, तालिमसमेत पूरा भएको थिएन' उनले विगत सुनाइन् ।
तालिम आयोजकलाई फेरि अनुरोध गरेर केही दिनका तालिम थप्न लगाइन् । त्यसपश्चात् आफूले भने जस्तै सबै नाप र आकारप्रकारका जुत्ता बनाउनसक्ने भइन् । सीप त सिक्नुभयो तर काम गर्ने ठाउँ भएन । त्यसपछि निर्मला आफैँले गेल्हागाउँमै जुत्ता बनाएर बेच्न शुरु गरिन् । व्यवसायका लागि शुरुमा लगानी आवश्यक भयो । श्रीमान् खेतीकिसानी गर्ने मान्छे । सासूससुरा पहिलादेखि पेसाप्रति खुसी थिएनन् । एक लाख रुपैयाँ ऋणका लागि हारगुहार गर्दा पनि पार लागेन । माइतीका दाजुलाई भनेर ससुरालाई सम्झाइबुझाइ गरी बरु अंश दिँदा घटाइदिनु भनेर एक लाख रुपैयाँ मागिदिन अनुरोध गरिन् । ससुराले एक लाख २० हजार रुपैयाँ दिए । 'त्यसपछि घरमै जुत्ता कारखाना शुरु गरेँ', निर्मलाले भनिन्, 'शुरुमा गाउँमा अनेक कुरा गर्ने मानिस धेरै भए तर पछि विस्तारै आफ्नो छोराछोरीलाई सिकाइदिनुपर्यो भनेर आउने पनि निस्किए ।' गाउँघरमा आजभोलि विवाहलगायत कार्यक्रममा निर्मलाले बनाएको जुत्ता धेरै बिक्री हुन्छ । बजार विस्तार हुँदै गएको छ । रामेछाप, सिन्धुली, विराटनगर, जनकपुर, चपुरलगायत ठाउँबाट जुत्ता माग आउने गरेको निर्मलाले बताइन् ।
विसं २०७१ तिर निर्मलाको श्रीमान् वैदेशिक रोजगारीका लागि मलेसिया गएका थिए । तर निर्मलाले छ ११ महिनामै श्रीमान्लाई घर फर्काइन् । अहिले उनका श्रीमान् उमेश पनि निर्मलासँगै काममा खटिएका छन् । उनले घर नजिकै १४ लाख रुपैयाँमा आधुनिक उपकरणसहितको जुत्ता कारखाना सञ्चालन गरेका छन् । उद्योगमा चार जना कामदारसमेत छन् । एक जनाले दैनिक ५० जोर जुत्ता तयार गर्न सक्ने उनले बताइन् । यसरी निर्मलाको कारखानाबाट महिनामा छ हजार जोरसम्म जुत्ता उत्पादन भई बजारमा पुग्ने गरेको छ । 'कमाइ राम्रो हुन्छ' उनले भनिन्, 'काम दिन सकिरहेका छैनौँ । अझै केही मेसिन किन्नुपर्ने छ, त्यो भए काम बढाउन सकिन्थ्यो । प्रयास गरिरहेको छु ।' पहिला मासिक तीन हजार पाँच सय रुपैयाँ कमाइ हुन्छ भनेर सिकेको सीपले उद्यमी बनाएको उनको भनाइ छ । यही पेसाबाट वार्षिक आठदेखि दश लाख रुपैयाँसम्म कमाउने गरेको उनले बताइन् । रासस

# ३६ जनाले गरे रक्तदान

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर १० अशोकवाटिकामा आयोजित रक्तदान कार्यक्रममा ३६ जनाले रगत दान गरेका छन् । आइतबार वीरगंज युथ कमिटीले शिवपार्वती धर्मशालामा आयोजना गरेको रक्तदान कार्यक्रममा एक जना महिलासहित ३६ जनाले रगत दान गरेका हुन् । वीरगंज युथ कमिटीका अध्यक्ष विक्की गुप्ताको अध्यक्षता तथा मधेश सरकारका पूर्वमन्त्री एंव नेपाली कांग्रेसका नेता ओमप्रकाश शर्माको प्रमुख आतिथ्यतामा रक्तदान कार्यक्रम सम्पन्न भएको हो । उक्त रक्तदान कार्यक्रममा जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी निरीक्षक भाष्कर खतिवडा, पूर्व वडाध्यक्ष रामनगिना साह कानु, युवा नेता दीपक साह कानु, समाजिक अभियान्ता दिलिपराज कार्की, वीरगंज सामुदायिक आँखा अस्पतालका सञ्चालक महेशसिंह धामी लगायतको सहभागिता रहेको थियो ।

# वृद्ध आश्रमलाई खाद्यान्न सहयोग

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको ठोरीमा रहेको बृद्ध आश्रममा उपकार सेवा नेपालले खाद्यान्न सामग्री सहयोग गरेको छ । ठोरी गाउँपालिका वडा नम्बर १ भगवाननगरमा रहेको बृद्धा आश्रममा अपाङ्गता भएका, सुस्त मनस्थिती र बृद्धबृद्धा गरी २३ जना आश्रीत छन् । उनीहरुका लागि उपकार सेवा नेपालले दाल, चामल, नुन, खानेतेल, चाउचाउ, बिस्कुट, च्यूरा, सर्फ, साबन, डाईपर, सेनेट्री प्याडलगायतका सामग्री सहयोग गरेका हुन् । संस्थाकी अध्यक्ष विद्या कुमारी सरावगीले आइतबार आश्रममै पुगेर आश्रम सञ्चालन समितिका सदस्य राम बहादुर थिङ्गलाई ती सामग्रीहरु प्रदान गरेको सामाजिक अभियन्ता प्रकाश थारुले जानकारी दिए ।

# तीन जना फरार प्रतिवादी नियन्त्रणमा

**मधेशदृष्टि**
**बारा ।**
प्रहरीले विभिन्न मुद्दामा फरार रहेका तीन जना प्रतिवादीलाई नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी कार्यालय बारा मातहत खटिएका प्रहरी टोलीले फरार प्रतिवादी ३ जनालाई नियन्त्रणमा लिएको हो ।
जिल्ला अदालत बाराबाट करकाप मुद्दामा दोषी ठहर भएका निजगढ नगरपालिका वडा नम्बर ९ बस्ने कृष्ण कुमार श्रेष्ठ, बिसाल श्रेष्ठ र विकाश श्रेष्ठ रहेका छन् । नियन्त्रणमा लिएका तीनै जनालाई जिल्ला अदालत बारामा दाखिला गरिएको प्रहरीले जनाएको छ ।
त्यस्तै, जिल्ला प्रहरी कार्यालय बाराले लागु औषध सेवन गरी विकृतजन्य गतिविधीमा संलग्न एक बालिकालाई सुधार केन्द्र पठाइएको छ । कलैया उप–महानगरपालिका वडा नम्बर ४ बसोबास गर्ने अन्दाजी वर्ष १४ की बालिकाले पटक–पटक लागु औषध सेवन गरी गाँउ समाजमा विकृतिजन्य गतिविधिहरू गरेकोमा निज बालिकालाई सुधारगृह पठाइएको हो । स्थानीय वडा, पालिका र सुधार केन्द्रको सहयोगमा आइतबार चितवन सुधार केन्द्र पठाइएको प्रहरीले जनाएको छ ।

# नेपाल प्रहरी श्रीमती संघद्वारा छात्रवृत्ति वितरण



**सञ्जय मिश्रा**
**रौतहट ।**
नेपाल प्रहरी श्रीमती संघले रौतहटको गरुडा स्थित प्रहरी विद्यालयमा अध्ययनरत छात्रछात्रालाई छात्रवृतिसंगै शैक्षिक सामग्री वितरण गरेको छ । 'सेवा नै धर्म हो' भन्ने मूल मन्त्रका साथ नेपाल प्रहरी श्रीमती संघले प्रहरी विद्यालय जिंगडियामा अध्यनरत छात्रछात्रालाई छात्रवृतिसंगै शैक्षिक सामग्री वितरण गरिएको हो । उक्त अवसरमा नेपाल प्रहरी श्रीमती संघकी केन्द्रीय अध्यक्ष लक्ष्मी कुँवरले संघ स्थापनाकालदेखि नै सेवा मन्त्रलाई आत्मसात गर्दै सेवामूलक कार्यहरु गर्दै आइरहेको बताइन् ।
प्रहरी विद्यालयका गरिव तथा जेहन्दार छात्रछात्राहरुलाई संघले विशेष प्राथमिकतामा राखेर ३० जनालाई छात्रवृत्ति प्रदान गरेकी थिइन् । कार्यक्रममा केन्द्रीय अध्यक्ष कुँवरले प्रहरी विद्यालयको लाइब्रेरीका लागि पठ्यपुस्तक तथा शैक्षिक सामग्री विद्यालयका प्रधानाध्यापकलाई हस्तान्तरण गरेकी हुन् । कार्यक्रममा मधेश प्रदेश प्रहरी प्रमुख तथा डिआइजी यज्ञविनोद पोखरेलले रौतहटमा २२ वर्ष अघि स्थापना भएको प्रहरी विद्यालय जिल्लामा उत्कृष्ठ विद्यालयको रुपमा स्थान बनाउन सफल भएको बताए ।
शिक्षाको ज्योती नेपाल प्रहरीका सन्तानलाई मात्र नभई सर्वसाधारण सबै नेपालीको छोरा छोरीले पाइरहेकोमा आफू गौरवान्ति महसुस भएको डिआईजी पोखरेलको भनाइ रहेको छ । उक्त अवसरमा रौतहट प्रहरी प्रमुख एसपी दिलिप घिमिरे, डिएसपीद्धय ओमप्रकाश खनाल र गौरव महत, विद्यालयका समादेशक इन्स्पेक्टर पप्पु नायक, नेपाल प्रहरी श्रीमती संघको केन्द्रीय सचिव, सहसचिव, मधेश प्रदेश अध्यक्षलगायत नेपाल प्रहरीका अधिकारीहरुको उपस्थिति रहेको थियो ।


# पोखरीमा डुबेर दुई बालकको मृत्यु

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको जनकपुरधाममा पोखरीमा डुबेर दुई बालकको मृत्यु भएको छ । जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर २० देवपुरा रुपैठाका बस्ने जयनारायण महतोको छोरा ६ वर्षीय शिवनन्दन महतो र राकेश पासवानको छोरा ६ वर्षीय आदित्य पासवानको मृत्यु भएको हो । धनुषाका प्रहरी प्रवक्ता डिएसपी रञ्जन अवाका अनुसार घर नजिकैको साहुजी पोखरीमा नुहाउने क्रममा दुवै जना बालक डुबिरहेको देखेपछि स्थानीयले सिकिस्त अवस्थामा उद्धार गरेका थिए । उपचारको लागि प्रादेशिक अस्पताल जनकपुरमा भर्ना गरिएमा शनिबार चिकित्सकले मृत घोषणा गरेको डिएसपी अवाले बताए । दुवै बालकको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरमा राखिएको र घटना विषयमा थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

# दुर्घटनामा चालकको मृत्यु

**मधेशदृष्टि**
**सर्लाही ।**
बसबरिया गाउँपालिका–१ मानपुरमा सवारी दुर्घटना हुँदा चालकको ज्यान गएको छ । बसबरिया गाउँपालिका–१, मानपुरस्थित बिनवाटोलबाट मानपुर जाँदै गरेको मधेश प्रदेश ०३–०३० प ९८५८ नम्बरको मोटरसाइकल र मानपुर बजारबाट मानपुर ब्यारेज जाँदै गरेको प्रदेश २–०२–००१ त २२८० नम्बरको ट्र्याक्टर आपसमा ठक्कर खाँदा मोटरसाइकल चालक धनकौल गाउँपालिका–३, हरकठवाका ३० वर्षीय सुरेश कुमार सिंहको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठले जानकारी दिए ।
ट्र्याक्टर चालक सर्लाही, रामनगर गाउँपालिका–७ सिसौटका ५० वर्षीय राम अवतार साहलाई नियन्त्रणमा लिएर घटनाका सम्बन्धमा अनुसन्धान शुरु भएको छ । दुर्घटनामा मृत्यु भएका सिंहको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवा पठाइएको छ ।

# जसपा नेपाल छोडेर सिंगो कमिटी जसपामा


प्रेस विज्ञप्ति

मिति : २०८१/०२/१२

पत्रकार मित्रहरु,


जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले आफ्नो निजि स्वार्थ पुर्ती हुने गरी पार्टी सन्चालन गर्दै आईरहेको सर्वविदितै छ । उपेन्द्र यादवजीलाई कार्यशैलिमा सुधार गरी लोकतान्त्रिक मूल्य मान्यता अनुसार पूर्ण लोकतान्त्रिक प्रकृयाबाट पार्टी सन्चालन गर्न पार्टीका जिम्मेवार तथा वरिष्ठ नेताहरुले पटक-पटक दिएको सल्लाह सुझाव तथा आग्रहलाई समेत वेवास्ता गरी कार्यशैलिमा कुनै सुधार गरेनन् । उपेन्द्र यादवको हठले अन्ततः पार्टी विभाजीत भई जनता समाजवादी पार्टी (जसपा) अशोक राईको नेतृत्वमा गठन भएको सर्वविदितै छ । जनता समाजवादी पार्टी जसपामा तपसील बमोजिम हामि आवद्ध रहेको यसै प्रेस विज्ञप्ति मार्फत जानकारी गराउन चाहन्छौं ।

तपसिल

| क्र.सं. | नाम | पद | संगठन | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | इश्वरचन्द्र यादव | अध्यक्ष | वीरगंज महानगर समिति | |
| २ | इन्दु देवी यादव | अध्यक्ष | समाजवादी महिला संघ, पर्सा | |
| ३ | मन्जुरुल हक समानी | केन्द्रीय सचिव | समाजवादी मुस्लिम संघ | |
| ४ | मनमोहन पाण्डे | वरिष्ठ उपाध्यक्ष | समाजवादी युवा संघ, पर्सा | |
| ५ | नागेन्द्र प्रसाद यादव | संघीय परिषद् सदस्य | जनता समाजवादी पार्टी | |
| ६ | विपिन प्रसाद यादव | संघीय परिषद् सदस्य | जनता समाजवादी पार्टी | |
| ७ | अर्सद कमाल | प्रदेस सदस्य | जनता समाजवादी पार्टी, मधेस प्रदेश समिति | |

**मधेशदृष्टि**
**वीरगंज ।**
उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी(जसपा) नेपाल पर्सामा पहिरो गएको छ । नवगठित जनता समाजवादी पार्टी(जसपा)मा तत्कालिन जसपा नेपालको सबै भातृ संगठन समाहित भएपछि पर्सामा जसपा नेपाल कमजोर भएको छ । तत्कालिन जसपा नेपालको भातृ संगठनको रुपमा रहेको समाजवादी महिला संघ, समाजवादी युवा संघ, समाजवादी मुस्लिम संघका अध्यक्षसहित सिंगो कमिटी नवगठित जनता समाजवादी पार्टीमा समाहित भएको हो । आइतबार संयुक्त विज्ञप्ति जारी गर्दै ती भातृ संगठनका जिल्ला अध्यक्षहरुले तत्कालिन जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव आफ्नो निजी स्वार्थमा पार्टीलाई चलाएको भन्दै आफूहरुले नवगठित जसपा रोजेको बताएका हुन् । उपेन्द्र यादवको कार्यशैलिमा सुधार नभएको र आफूहरुले पटक–पटक दिएको सल्लाह सुझाव तथा आग्रहलाई समेत वेवास्ता गरेकाले पार्टी छोड्न बाध्य भएर विज्ञप्तिमा उल्लेख छ । पार्टीको वीरगंज महानगर समिति अध्यक्ष इश्वरचन्द्र यादव, समाजवादी महिला संघ पर्साका अध्यक्ष इन्दुदेवी यादव, समाजवादी मुस्लिम संघका केन्द्रीय सचिव मन्जुरुल हक समानी, समाजवादी युवा संघ पर्साका वरिष्ठ उपाध्यक्ष मनमोहन पाण्डे, पार्टीका संघीय परिषद् सदस्य नागेन्द्र प्रसाद यादव, विपिन प्रसाद यादव र पार्टीको मधेश प्रदेश समिति सदस्य अर्शद कमालले जसपा रोजेका छन् ।

# हातहतियारको ईजाजत नवीकरण गर्न सूचना


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
पर्सा, वीरगंज

मिति:-२०८१।०२।११

प.स.०८०/८१
च.नं.

हातहतियार नविकरण गर्ने र बुझाउने सम्बन्धि अत्यन्त जरुरी सुचना

यस जिल्लाबाट विभिन्न समयमा हातहतियार राख्न इजाजत पत्र लिएको व्यक्ति/संस्थाहरुले नियमानुसार नविकरण गर्ने कानुनी व्यवस्था रहेकोमा कतिपय इजाजत प्राप्त व्यक्ति/संस्थाहरुले नविकरण नगराएको कार्यालयको अभिलेख बाट देखिएको हुँदा यथाशिघ्र आफुसँग भएको हतियार सहित स्वयं उपस्थित भई अनिवार्य रुपमा नविकरण गर्नुहुन सम्बन्धित सबैमा सुचित गरिन्छ साथै ५ वर्ष भन्दा बढि समय नविकरण नभएका सबै हातहतियार, खरखजाना र इजाजतपत्र नजिकको जिल्ला प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालयमा अनिवार्य बुझाउनु हुन र प्रहरी निकायको भर्पाइ जिल्ला प्रशासन कार्यालयमा बुझाई लगत कट्टा गर्ने व्यवस्था मिलाउनुहुन यो सुचना प्रकाशित गरिएको छ । यो सुचना बमोजिम समयमा नविकरण नगरेमा वा बझाउनुपर्ने हातहतियार नबुझाएमा प्रचलित कानुन बमोजिम कारवाही भई जाने व्यहोरा समेत यसै सुचना द्वारा जानकारी गराईन्छ ।

उत्तम कुमार घिमिरे
सहायक प्रमुख जिल्ला अधिकारी

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रशासन कार्यालय पर्साले हातहतियारको ईजाजतपत्र नवीकरण गर्न सूचना जारी गरेको छ । ईजाजत प्राप्त व्यक्ति वा संस्थाहरुले धेरै समयदेखि नविकरण नगराएको अभिलेखमा भेटिएको हुँदा कार्यालयमा स्वयम् उपस्थित भई नविकरण गराउन जिल्ला प्रशासन कार्यालय पर्साले सूचना जारी गरेको हो ।
ईजाजत पत्र नवीकरण गर्न आउँदा साथमा हातहतियार लिएर आउन अनिवार्य गरिएको सहायक प्रमुख जिल्ला अधिकारी उत्तम कुमार घिमिरेद्वारा हस्ताक्षरित सूचनामा उल्लेख छ । यसैगरी ५ वर्षभन्दा बढी समयदेखि नविकरण नभएका सबै हातहतियार, खरखजाना, इजाजतपत्र जिल्ला प्रहरी कार्यालय वा नजिकका ईलाका प्रहरी कार्यालयमा अनिवार्य बुझाउन सूचनामा भनिएको छ । हतियार राख्ने लाईसेन्स (ईजाजतपत्र) को नविकरण समयमा नगराए वा बुभाउनुपर्ने हातहतियार नबुझाए प्रचलित कानुन बमोजिम कारवाही हुने सूचनामा उल्लेख गरिएको छ ।




# सार्वजनिक संस्थानको अवस्थाः २६ नाफामा, १५ घाटामा




**काठमाडौँ ।**
हाल सञ्चालनमा रहेका ४४ वटा सार्वजनिक संस्थानमध्ये २६ वटा नाफामा, १५ घाटामा र तीनवटाको कारोबार शून्य देखिएको छ । सरकारले आइतबार सार्वजनिक गरेको ‘सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०८१’ अनुसार आर्थिक वर्ष २०७९÷८० सम्ममा अस्तित्वमा रहेकामध्ये त्यस्तो अवस्था देखिएको हो ।
प्रतिवेदनअनुसार अघिल्लो आर्थिक वर्ष २०७८÷७९ मा सार्वजनिक संस्थानको कूल सञ्चालन आय पाँच खर्ब ७५ अर्ब ४३ करोड ५५ लाख रुपैयाँ रहेकामा गत आर्थिक वर्ष २०७९÷८० मा १४ दशमलव ८७ प्रतिशतले वृद्धि भई छ खर्ब ६१ अर्ब एक करोड २९ लाख रुपैयाँ पुगेको छ । ‘अघिल्लो आर्थिक वर्षको तुलनामा सार्वजनिक संस्थानको समग्र खुद नाफामा तीन हजार ४६ दशमलव २० प्रतिशतले वृद्धि भई गत आर्थिक २०७९÷८० मा ४८ अर्ब ५१ करोड ७५ लाख रुपैयाँ कायम भएको छ’, प्रतिवेदनमा भनिएको छ, ‘यसरी नाफा उच्च वृद्धि हुनुमा नेपाल आयल निगममा आव २०७८÷७९ मा ३८ अर्ब १७ करोड ७८ लाख रुपैयाँ घाटा रहेकोमा आव २०७९÷८० मा ११ अर्ब ७२ करोड ३० लाख रुपैयाँ नाफामा रहनु मुख्य कारण हो ।’ आर्थिक वर्ष २०७९÷८० मा नाफामा सञ्चालित २६ संस्थानको गत वर्षको तुलनामा खुद नाफा नौ सय ८१ दशमलव ४० प्रतिशतले बढेको छ भने नोक्सानीमा सञ्चालित १५ संस्थानको गत वर्षको तुलनामा खुद नोक्सानी दुई दशमलव ८१ प्रतिशतले बढेको देखिन्छ । सार्वजनिक संस्थानको प्रशासनीक खर्च २३ दशमलव ७९ प्रतिशतले बढेको छ ।
संस्थानको शेयरधनी कोष (नेटवर्थ) अघिल्लो आर्थिक वर्षको तुलनामा २० प्रतिशतले वृद्धि भई नौ खर्ब ८२ अर्ब १३ करोड १७ लाख रुपैयाँ पुगेको छ । समीक्षा अवधिमा ३२ वटा संस्थानको शेयरधनीकोष धनात्मक र बाँकी १० वटाको ऋणात्मक रहेको छ । संस्थानका नेपाल सरकारको कूल लगानी गत आर्थिक वर्षको तुलनामा आठ दशमलव ६२ प्रतिशतले वृद्धि भई छ खर्ब ६१ अर्ब १० करोड ७४ लाख रुपैयाँ पुगेको छ । गत आर्थिक वर्षको तुलनामा शेयर लगानी नौ दशमलव १९ प्रतिशतले वृद्धि भई तीन खर्ब ७९ अर्ब ७२ करोड १६ लाख रुपैयाँ पुगेको छ भने ऋण लगानी सात दशमलव ८६ प्रतिशतले कमी आई दुई खर्ब ८१ अर्ब ३८ करोड ५८ लाख रुपैयाँ पुगेको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्ष २०७९÷८० मा कोषमा व्यवस्था नभएको दायित्व ११ दशमलव ६३ प्रतिशतले वृद्धि भई ५२ अर्ब ८७ करोड दुई लाख रुपैयाँ पुगेको छ भने सम्भावित दायित्व ४४ दशमलव ८३ प्रतिशतले बढेको छ । सार्वजनिक संस्थानमा आव २०७८÷७९ को तुलनामा चुक्ता पुँजी १० दशमलव ६२ प्रतिशतले वृद्धि भई आर्थिक वर्ष २०७९÷८० मा चार खर्ब १२ अर्ब १२ करोड ८१ लाख रुपैयाँ पुगेको थियो । जसमा नेपाल सरकारको पुँजी लगानी ९२ दशमलव १३ प्रतिशत र अन्य संस्थान तथा निजी क्षेत्रको सात दशमलव ८७ प्रतिशत शेयर स्वामित्व रहेको छ । आर्थिक वर्ष २०७९÷८० को कूल गार्हस्थ्य उत्पादन ५३ खर्ब ८१ अर्ब ३४ करोड रुपैयाँमा सार्वजनिक संस्थानको कूल सञ्चालन आयको अनुपात १२ दशमलव २८ प्रतिशत रहेको छ ।
नेपाल सरकारले प्राप्त गरेको कूल आयकरमा आर्थिक वर्ष २०७८÷७९ मा संस्थानको योगदान पाँच दशमलव ५९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९÷८० मा छ दशमलव ९७ प्रतिशत पुगेको छ । आर्थिक वर्ष २०७९÷८० मा नेपाल सरकारको सञ्चितकोषमा सार्वजनिक संस्थानले कूल १७ अर्ब ३९ करोड ४६ लाख रुपैयाँ आयकर दाखिला गरेका थिए । त्यसैगरी, आर्थिक वर्ष २०७९÷८० मा सार्वजनिक संस्थानमा ३२ हजार एक सय ८० जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् । जनोपयोगी क्षेत्रका संस्थानमा सबैभन्दा बढी १३ हजार तीन सय ७७ जना र सामाजिक क्षेत्रका संस्थानमा सबैभन्दा कम एक हजार चार सय आठ जना कार्यरत छन् ।
प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७९÷८० मा संस्थानको सञ्चित नाफामा १६ दशमलव ६८ प्रतिशतले वृद्धि भई ६१ अर्ब १४ करोड ९६ लाख रुपैयाँ पुगेको छ । सञ्चालनमा रहेका संस्थानमध्ये सातवटा संस्थान नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकृत छन् । कुल बजार पुँजीकरणमा सूचीकृत सरकारी संस्थानको हिस्सा विसं २०८० असार मसान्तमा १८ दशमलव ३२ प्रतिशत रहेको छ ।
निजीकरण गरिएका १८ वटा सार्वजनिक संस्थानमध्ये १० वटा संस्थान नाफामा छन् । निजीकरण ऐनबमोजिम खारेज भएका १२ संस्थानमध्ये हालसम्म कृषि चुन उद्योग लिमिटेडको मात्र कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता खारेजी भई कानुनीरूपमा अस्तित्व समाप्त भएको छ । कृषि औजार कारखाना लिमिटेड बन्द रहेकोमा मन्त्रिपरिषद्को विसं २०७९ भदौ ३१ को निर्णयानुसार यसलाई राष्ट्रिय आविष्कार केन्द्रलाई सञ्चालन गर्न दिइएको छ भने अन्य खारेजीमा परेका सार्वजनिक संस्थानको कानुनी प्रक्रिया पूरा हुन सकेको छैन । सार्वजनिक संस्थानको प्रशासनिक खर्च आर्थिक वर्ष २०७८÷७९ मा ३५ अर्ब ४६ करोड ४७ लाख रुपैयाँ रहेकोमा आर्थिक वर्ष २०७९÷८० मा २३ दशमलव ७९ प्रतिशतले वृद्धि भई ४३ अर्ब ९० करोड १८ लाख रुपैयाँ रहेको छ । २० वटा संस्थानले लेखापरीक्षण गराएका छन् भने अन्य २४ वटा संस्थानले नियमित लेखापरीक्षण गराएका छैनन् । आर्थिक वर्ष २०७९÷८० मा उच्च खुद नाफा आर्जन गर्ने पाँच सार्वजनिक संस्थानमा क्रमशः नेपाल आयल निगम लिमिटेड, नेपाल विद्युत् प्राधिकरण, नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, नागरिक लगानी कोष र निक्षेप तथा कर्जा सुरक्षण कोष रहेका छन् । त्यस्तै, उच्च नोक्सान भएका पाँच सार्वजनिक संस्थानमा क्रमशः नेपाल वायुसेवा निगम लिमिटेड, नेपाल खानेपानी संस्थान, दुग्ध विकास संस्थान, उदयपुर सिमेन्ट उद्योग लिमिटेड र नेपाल टेलिभिजन रहेका छन् । विसं २०८० असार मसान्तसम्म कायम रहेका ४४ संस्थानमध्ये कम्पनी ऐनबमोजिम स्थापना भएका ३३ वटा, विशेष ऐनबमोजिम स्थापना भएका सातवटा, सञ्चार संस्थान ऐनबमोजिम स्थापना भएका दुईवटा, सहकारी ऐन बमोजिम स्थापना भएको एउटा र संस्थान ऐन बमोजिम स्थापना भएको एउटा संस्थान छ । स्वामित्वका आधारमा हेर्दा २० वटा सरकारको पूर्ण स्वामित्वमा र २४ वटा अधिकांश स्वामित्वमा रहेका छन् । क्षेत्रगतरूपमा वर्गीकरण गर्दा औद्योगिक क्षेत्रमा १०, व्यापारिक क्षेत्रमा चार, सेवा क्षेत्रमा ११, सामाजिक क्षेत्रमा पाँच, जनोपयोगी क्षेत्रमा पाँच र वित्तीय क्षेत्रमा नौवटा सार्वजनिक संस्थान हाल अस्तित्वमा रहेका छन् । रासस

# अत्यधिक गर्मीले बटुवाको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज ।**
प्रचण्ड गर्मीको कारण रौतहटमा सडकमा साईकल चलाएर हिडि रहेका एक बटुवाको मृत्यु भएको छ । अत्याधिक गर्मीका कारण रौतहटको बौद्धिमाई नगरपालिका वडा नम्बर ८ सरमुजवाका ५५ वर्षीय राजमंगल राय यादव साइकल चलाएर मौलापुरबाट जयनगरतर्फ गइरहेको अवस्थामा बकैया नदीको पुलमा बेहोस भई ढलेको र उनको घटना स्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । साइकल रोकेर पुलमै छेउतिर ढलेका यादवको घटना स्थलमै मृत्यु भएको खबर पाए लगत्तै इलाका प्रहरी कार्यालय देवाहीगोनाहीको टोली घटनास्थलमा पुगेको थियो । जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी निरीक्षक झलक शर्माले यादवको शव प्रादेशिक अस्पताल गौरमा पोस्टमार्टमका लागि पठाइएको जानकारी दिए । घटनाका बारे थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ । यसैबीच विगत केहि दिन यता अत्याधिक गर्मी बढेसँगै बारा, पर्सा, रौतहट लगायत मध्यतराईको जनजीवन प्रभावित भएको छ । गर्मीका कारण स्कूले बालबालिका र मजदुरहरु बढी प्रभावित भएका छन । गर्मीको कारण बीरगंजका विद्यालयमा समेत बालबालिका बेहोस हुन थालेपछि अभिभावकहरुले विद्यालय केहि दिनका लागि बन्द गर्न महानगरपालिकालाई आग्रह गरेका छन् । वीरगंजसहित यस आसपासको क्षेत्रमा केहिदिन यता अधितकतम तापक्रम ४० डिग्री


रौतहट, बौद्धमाईका जयमंगल यादव शिवनगरस्थित शिवमन्दिर दर्शन गर्न जाने क्रममा गर्मी भएपछि देवाही गोनाही र मौलापुरबीच लालबकैया पुलमा साइकल राखेर आराम गर्न सुत्ने क्रममा सुतेको सुत्यै (मृत्यु) भएका छन् ।

सेल्सियससम्म पुगेको छ । गर्मी अत्याधिक बढिरहेका कारण विद्यालयहरुमा पठनपाठनमा समस्या भएको र विद्यार्थीहरु मुर्छा परेर बेहोशपनि भइरहेकोले केहि दिनका लागि गर्मी विदा दिएर विद्यालय बन्द गर्नुपर्ने अभिभावकहरुले आग्रह गरिरहेका छन् ।

## सतर्कता अपनाउन आग्रह

मौसम पूर्वानुमान महाशाखाले आगामी केहीदिनसम्म तराईका भू–भागहरूमा अत्यधिक गर्मीको सम्भावना रहेकाले आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको छ ।
आइतबार महाशाखाले ‘तातो दिन तथा तातो लहर’ सम्बन्धी विशेष बुलेटिन प्रकाशन गर्दै आगामी तीन दिनसम्म तातो हावा तथा तातो लहरको सम्भावना रहेकाले सोको असरबाट बच्न आवश्यक तयारीसहित सतर्कता अपनाउन अनुरोध गरेको हो । महाशाखाका अनुसार सुदूरपश्चिम र लुम्बिनी प्रदेशका तराई भू–भागका केही स्थानमा विगत केही दिनदेखि अधिकतम तापक्रम ४० डिग्री सेल्सियस वा सो भन्दा बढी मापन गरिएको छ । तातो हावा तथा तातो लहरबाट थकाई लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, माङ्सपेशीहरू दुख्ने, बान्ता हुनेलगायत समस्या आउने भन्दै सर्तकता अपनाउन अनुरोध गरेको हो ।
तातो हावा तथा तातो लहरबाट बच्न बढी गर्मीको समयमा घरभित्र वा चिसो स्थानमा बस्ने, बाहिरी वातावरणमा बढी नजाने, घाममा बढी नहिड्ने, हल्का तथा सुतीका कपडा लगाउने, बाहिर निस्कँदा टाउको छोप्ने, पानीका साथै झोल पदार्थ प्रशस्त मात्रामा पिउने र स्वास्थ्यमा समस्या भएमा स्वास्थ्यकर्मीसँग नियमित सम्पर्कमा रही थप सल्लाह सुझाव लिन समेत अनुरोध गरिएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन